रामग्राम नगरपालिका

# स्थानीय राजपत्र

खण्ड ४ रामग्राम, कार्तिक १५ गते, २०७८ साल संख्या ११

## भाग-२

<u>नगरप्रमुख उद्यमशीलता प्रवद्र्धन कार्यक्रम कार्यविधि २०७८</u>

नगर कार्यपालिकाबाट स्वीकृत मिति २०७८/०७/१५

**प्रस्तावनाः** रामग्राम नगरपालिकाको आ.व. २०७८/०७९ को आठौँ नगरसभाबाट पारित नगर क्षेत्रभित्रका युवाहरुलाई स्वरोजगार र उद्यमशिल गराउने नीति अनुरुप वेरोजगार नगरवासीहरु वीच उद्यमशीलताको विकास एवं प्रवर्द्धन गर्न, स्वरोजगारी सिर्जना गर्न, निर्वाहमुखी परम्परागत कृषिलाई औद्योगिक एवं व्यवसायिक कृषिमा रूपान्तरण गर्न, व्यवसायिक पशुपंक्षी पालनको विकास र प्रवर्द्धन गर्न, पर्यटन व्यवसायको विकास र प्रवर्द्धन गर्न, वन पैदावारमा आधारित उद्यम व्यवसाय लगायतका संभाव्य अन्य विभिन्न क्षेत्रहरु मार्फत उद्यम व्यवसायमा आकर्षण गर्नका लागि वाञ्छनीय देखिएको हुँदा **नगर प्रमुख उद्यमशीलता प्रवर्द्धन कार्यक्रम**लाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने उद्धेश्यले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम नगरकार्यपालिकाको मिति .२०७८/०७/१५ गतेको बैठकको निर्णय अनुसार **नगर प्रमुख उद्यमशीलता प्रवर्द्धन कार्यक्रम कार्यविधि, २०७८** जारी गरिएको छ ।

### परिच्छेदः १
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क) यस कार्यविधिको नाम **नगर प्रमुख उद्यमशीलता प्रवर्द्धन कार्यक्रम कार्यविधि,२०७८** हुनेछ ।

ख) यो कार्यविधि नगरकार्यपालिकाबाट स्वीकृत भएकै मितिदेखि लागु हुनेछ ।

### परिच्छेद-२
### परिभाषा

**२. परिभाषाः**

**विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः** क) **कार्यविधि"** भन्नाले रामग्राम नगरपालिकाको नगर प्रमुख उद्यमशीलता प्रवर्द्धन कार्यक्रम कार्यविधि, २०७८ लाई सम्झनु पर्दछ ।

ख)**"नगरपालिका"** भन्नाले **रामग्राम नगरपालिका** लाई सम्झनु पर्दछ ।
ग) **"प्रमुख"** भन्नाले रामग्राम नगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ ।
घ) **"उप-प्रमुख"** भन्नाले रामग्राम नगरपालिकाको उप-प्रमुखलाई सम्झनु पर्दछ ।
ङ.) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले रामग्राम नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।
च)**"विषयगत समिति"** भन्नाले रामग्राम नगरपालिकाको कार्यसम्पादन तथा कार्यविभाजन नियमावली अन्तर्गत गठित विषयगत समितिलाई सम्झनु पर्दछ ।
छ)"**बैंक"भन्नाले** नगर प्रमुख उद्यमशिलता प्रर्वद्धन कार्यक्रममा उद्यम तथा व्यवसायका लागि प्रबाह गरिने सहुलियत कर्जामा सहकार्य गर्न सम्झौता भएको "क" वर्गको बाणिज्य बैंकलाई सम्झनु पर्दछ ।
ज) **"उद्योग"** भन्नाले नगरपालिकाले वित्तीय अनुदान उपलब्ध गराउने लघु, घरेलु, साना एवं मझौला उद्योगलाई सम्झनु पर्दछ ।
झ) **"पर्यटन व्यवसाय"** भन्नाले होटेल, मोटेल, रेष्टुरेष्ट, ट्राभल एजेन्सी, ट्रेकिङ्ग र होमस्टे लगायतका व्यवसायलाई सम्झनु पर्दछ ।
ञ) **"कार्यक्रम"** भन्नाले कृषि, पशुपन्क्षी पालन, उद्योग, पर्यटन, वन पैदावारमा आधारित व्यवसाय र नवप्रवर्तनमा आधारित अन्य कुनै प्रतिफलमुखी कार्यक्रमलाई सम्झनु पर्दछ ।
ट) **"सञ्चालन तथा समन्वय समिति"**भन्नाले नगर प्रमुख उद्यमशीलता प्रवर्द्धन कार्यक्रमको लागि दफा-४ बमोजिम गठन भएको सञ्चालन तथा समन्वय समितिलाई सम्झनु पर्दछ ।
ठ) **"कार्यक्रम संयोजक"**भन्नाले नगर प्रमुख उद्यमशीलता प्रवर्द्धन कार्यक्रम कार्यविधि, २०७८को दफा-४ बमोजिमको सदस्य सचिबलाई सम्झनु पर्दछ ।
ड) **"उद्यम व्यवसाय"** भन्नाले यस कार्यविधिको अनुसूची-१मा उल्लेख गरिएका क्षेत्रहरुमा श्रम,सीप,अनुभव,ज्ञान तथा पूजी-प्रविधि लगानी गरी गरिएको व्यवसाय सम्झनुपर्दछ ।

## परिच्छेद-३
## उद्धेश्य

**३) उद्धेश्यः**
नगर प्रमुख उद्यमशीलता प्रवर्द्धन कार्यक्रमको उद्धेश्य देहाय बमोजिम हुनेछः-
क) कृषि, पशुपन्क्षी पालन, उद्योग, पर्यटन, वन पैदावारमा आधारित व्यवसायलाई आधार वनाई वैदेशिक रोजगारीवाट फर्किएका तथा नगरमै रहेका वेरोजगार युवाहरुलाई उल्लिखित लगायतका व्यवसायहरुमा आकर्षित गरी निर्वाहमुखी परम्परागत कृषिलाई औद्योगिक तथा व्यावसायिक कृषिमा रूपान्तरण गर्ने, पर्यटन व्यवसायको विकास तथा प्रवर्द्धन गर्ने र लघु, घरेलु, साना तथा मझौला उद्योगको थप विकास एवं प्रवर्द्धन गर्ने, नवप्रवर्तन तथा नगरपालिकाको विशेषताका आधारमा संचालन हुने अन्य प्रतिफलमुखी उद्यम व्यवसायहरुलाई आवश्यक सहयोग गर्ने ।
ख)वेरोजगार युवाहरुको सीप र दक्षता विकास गरी उनीहरुको आय आर्जन बृद्धिमा टेवा पुरयाई जीबनस्तरमा सुधार ल्याउन मद्दत गर्ने ।
ग) नगरमै रोजगारीका अवसरहरुको श्रृजना गरी नगरवासीको सीप र कार्यक्षमताको स्तरउन्नती गरी आत्मनिर्भर बन्न अभिप्रेरित गर्ने ।

घ) नगरपालिका क्षेत्रमा आर्थिक विकास तथा सामाजिक रुपान्तरणको लागि सञ्चालन हुने स्वरोजगारमूलक उद्यम व्यवसायको विकास तथा प्रवर्द्धनका लागि नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार तथा सम्बन्धित मन्त्रालय, विभाग, दातृ निकाय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरू, नगरमा रहेका सहकारी, वचत समूह, नीजि क्षेत्रसँग उद्यमशीलता विकास, औद्योगिक पूर्वाधार विकास एवं बजार पहुँच विस्तार लगायतका विषयमा आवश्यक समन्वय र सहकार्य गर्ने एवं नगरमा संचालन गरिने उद्यम तथा व्यवसाय दिगो ढंगले सञ्चालन गर्न सम्बन्धित नगरवासीलाई आवश्यक सहयोग एवं सहुलियतपूर्ण कर्जा उपलब्ध गराउन मद्दत गर्ने ।

ङ) नगरपालिका क्षेत्रमा उच्च र समतामूलक आय, मानव पुँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग गर्न आवश्यक सहयोग गर्ने ।

## परिच्छेदः ४
## सञ्चालन तथा समन्वय समिति

**४) सञ्चालन तथा समन्वय समितिः**

नगर प्रमुख उद्यमशीलता प्रवर्द्धन कार्यक्रम संचालनको लागि देहाय बमोजिमको नगर प्रमुख उद्यमशीलता प्रवर्द्धन कार्यक्रम सञ्चालन तथा समन्वय समिति रहनेछ ।

| | |
|---|---|
| क) नगर प्रमुख | अध्यक्ष |
| ख) नगर उप-प्रमुख | सदस्य |
| ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| घ) उद्यम व्यवसायी मध्येबाट नगरप्रमुखद्धारा मनोनित | सदस्य |
| ङ) आर्थिक विकास समितिको संयोजक | सदस्य |
| च) आर्थिक प्रशासन महाशाखा प्रमुख | सदस्य |
| छ) आर्थिक विकास महाशाखा प्रमुख | सदस्य सचिव |

## परिच्छेद-५
## सञ्चालन तथा समन्वय समितिको काम, कर्तव्य तथा अधिकार

**५) सञ्चालन तथा समन्वय समितिको काम, कर्तव्य तथा अधिकारः**

नगर प्रमुख उद्यमशीलता प्रवर्द्धन कार्यक्रम सञ्चालन तथा समन्वय समितिको काम, कर्तब्य र अधिकार देहाय वमोजिम हुनेछः

क) नगर प्रमुख उद्यमशीलता प्रवर्द्धन कार्यक्रमको उद्देश्य वमोजिम नगरस्तरीय प्रोफाइल, गुरुयोजना, नीति, रणनीति, कार्यक्रम र वजेट निर्माण गर्ने ।

ख) नगर क्षेत्रमा स्वरोजगारी तथा उद्यम विकास गर्न आवश्यकतानुसार अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने ।

ग) नगर क्षेत्रका बेरोजगार तथा उद्यमी बन्न चाहनेहरुसंग प्रस्ताव आव्हान गरि सूचि तयार गर्ने ।

घ) स्वरोजगार तथा उद्यमी बन्न चाहनेहरुको आवश्यकता पहिचान गरी क्षमता विकास तथा ब्यवसाय संचालन गर्न अभिप्रेरित गर्ने ।

(ङ) कार्यक्रम अन्तर्गत उद्यम तथा व्यवसाय गर्न चाहने नगरबासीलाई परियोजना प्रस्ताव तथा बैंकिङ प्रक्रियाका लागि आवश्यक सहयोग गर्ने ।

**परिच्छेद-६**

**प्रस्ताब माग र प्रस्ताव स्वीकृत सम्बन्धमा**

**६) प्रस्ताव माग गर्ने:** क) रामग्राम नगरपालिकाले आफ्नो क्षेत्रभित्रका उद्यमीहरुको प्रवर्द्धनका लागि वित्तीय अनुदान प्रदान गर्ने प्रयोजनका लागि उद्यमीहरुसंग प्रस्ताव माग गर्न सक्नेछ ।

ख) प्रस्ताव प्राप्त गरिसकेपछि प्रस्तावहरुको मूल्याकंन गर्ने र मूल्यांकनबाट स्वीकृत भएका प्रस्तावहरुलाई आवश्यकता पहिचान गरी सञ्चालन तथा समन्वय समितिको निर्णयानुसार अनुदान रकम निश्चित हुनेछ । सोही आधारमा अनुदान प्रदान गरिनेछ ।

**परिच्छेद-७**

**छनौट तथा स्वीकृतीका आधारहरु**

**७) छनौट तथा स्वीकृतीका आधारहरु :**

सञ्चालन तथा समन्वय समितिले प्रस्ताव मूल्यांकन गर्दा देहायका आधारहरुमा गर्नेछ ।

(क) १८ वर्ष पुरा भई ४० वर्ष को पुरा नभएको नगरपालिकाको स्थायी वासिन्दा भएको,

(ख) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको ,

(ग) सरकारी तथा गैर सरकारी संघ संस्थाको चल अचल सम्पत्तिको दुरुपयोग नगरेको,

(घ) कम्तीमा आधारभूत तहको शिक्षा हासिल गरेको वा परम्परागत र सम्बन्धित पेशामा दक्षता हासिल गरेको,

(ङ) नगरपालिका भित्र उद्यम व्यवसाय न्यूनतम ५ (पाँच) वर्ष संचालन गर्न लिखित प्रतिवद्धता व्यक्त गरेको,

(च) नगरपालिकालाई वुझाउनु पर्ने कर, शुल्क, दस्तुर लगायतका वाँकी वक्यौता नरहेको,

(छ) वैदेशिक रोजगारीवाट फर्किएको (२ वर्ष भन्दा बढी नभएको) । (अनुसूची-२ वमोजिमको फारम भरी बुझाएको

**परिच्छेद-८**

**वित्तीय अनुदान प्रबाहको प्रकृया तथा लगानीका क्षेत्र**

**८) वित्तीय अनुदान प्रबाहको प्रकृया :**

परिच्छेद-६ बमोजिम स्वीकृत भएका उद्यमीहरुलाई देहायका प्रकृयाद्धारा वित्तीय अनुदान प्रदान गरिनेछ ।

क)परिच्छेद-६ को (ख) बमोजिम अनुदान रकमको मात्रा निश्चित हुनेछ सो अनुदान तिन किस्तामा प्रदान गरिनेछ।

ख)अनुदान रकम निश्चित भईसकेपछि सम्झौता गरि पहिलो किस्ता दिइनेछ । पहिलो किस्तामा ५०% दोश्रो किस्तामा ३०% र अन्तिम किस्तामा २०% दिईनेछ ।

ग)संचालन तथा समन्वय समिति वा सम्बन्धित शाखाले अनुगमन गरि प्रतिबेदन पेश गरिसकेपछि दोस्रो किस्ता र उद्यमीले प्रस्तावनाको उद्धेश्य  बमोजिमको कार्य सकि प्रतिवेदन पेश गरेपछि अन्तिम किस्ता दिइनेछ ।

घ)उद्यमी व्यवसायीको आबश्यकताका आधारमा नगरपालिकाको अनुरोधमा ,बैंक र उद्यमी व्यवसायीसंगको त्रिपक्षीय छलफल मार्फत उद्यमीलाई कर्जा प्राप्त गर्नका लागि सहजिकरण गर्नेछ ।

ङ)उद्यमको प्रकार,उद्यमीको प्रतिवद्धताको आधारमा रु २,००,०००।-(अक्षरुपी रु दुई लाख)सम्म अनुदानका रुपमा उपलब्ध गराउन सकिनेछ र उद्यमीलाई सोही उद्यम सञ्चालन गर्न थप रकम आवश्यम पर्ने भएमा नगरपालिकाले कर्जा प्राप्त गर्नका लागि सम्बन्धित बैंकलाई सिफारिस गर्न सक्नेछ ।

च)माथि उल्लेखितबमोजिमको अनुदान पाएको एक महिनाभित्र व्यवसाय शुरु गरिसक्नुपर्नेछ,यदि दूई महिनासम्म पनि शुरु नगरेमा १०% सहित जरिमानासहित सो अनुदान रकम फिर्ता गरिनेछ ।

**लगानीका क्षेत्रः**

(क) उत्पादनमूलक उद्योग व्यवसाय
(ख) व्यवसायिक कृषिमा तथा पशुपंक्षिमा आधारित उद्यम व्यवसाय
(ग) वन (जडीवुटी, बनपैदावार) मा आधारित उद्यम व्यवसाय
(घ) पर्यटन प्रवर्द्धनमा आधारित उद्यम व्यवसाय
(ङ) निर्माणमा आधारित उद्यम व्यवसाय
(च) सेवामूलक उद्यम व्यवसाय
(छ) अन्य

## परिच्छेद-९
## सञ्चालन तथा समन्वय समिति तथा कार्यक्रम संयोजकको सेवा सुविधा

**९) सञ्चालन तथा समन्वय समितिको सेवा सुविधाः**

**क)समितिको** वैठक भत्ता तथा अनुगमन खर्च नगरपालिकाको नियमानुसार हुनेछ । यस कार्यका लागि विनियोजित बजेट बाँडफाँड गर्दा प्रशासनिक खर्चसमेत छुट्याउन सकिनेछ ।

## परिच्छेदः १०
## विविध

**१०) लेखा परीक्षणः (१)** कार्यक्रमको लेखा परीक्षण प्रचलित कानून वमोजिम हुनेछ।

**११) बाधा अड्काउ फुकाउन सक्नेः**

क)यस कार्यविधिमा लेखिएको कुनै व्यवस्था कार्यान्वयन गर्ने सम्बन्धमा कुनै द्विविधा वा बाधा अड्चन परेमा वा अन्य आवश्यक निर्णय र ब्यवस्था गर्नु परेमा सञ्चालन तथा समन्वय समितिले उल्लेखित विषयमा आवश्यक निर्णय गरी त्यस्तो बाधा अड्काउ फुकाउन र कार्यविधिको आवश्यक संशोधन गर्नु पर्ने भए निर्णय गरी कार्यपालिकाको वैठकमा पेश गर्न सक्नेछ ।

ख)यस कार्यविधिमा लेखिएका कुराहरु यसै वमोजिम र यसमा नलेखिका कुराहरु नेपालको प्रचलित कानून वमोजिम हुने छ ।

ग)कार्यविधि थप व्याख्या वा संशोधन गर्नु परेमा नगर प्रमुख उद्यमशीलता प्रवर्द्धन कार्यक्रम सञ्चालक तथा समन्वय समितिको निर्णय प्रस्ताव वमोजिम नगरकार्यपालिकाको बैठकको निर्णय अनुसार हुनेछ ।

**१२) वचाउ र खारेजीः** यो कार्यविधि खारेज भएको खण्डमा पनि यस वमोजिम भए गरेका काम कारबाहीहरु यसै कार्यविधि वमोजिम भए गरेको मानिनेछ ।

अनुसूची-१

(परिच्छेद-६, सँग सम्वन्धित)

**नगर प्रमुख उद्यमशिलता प्रवर्द्धन कार्यक्रम कार्यविधि, २०७८** बमोजिम तोकिएका क्षेत्रमा उद्यम-व्यवसाय संचालन गर्नका लागि सहभागी हुन चाहनेले पेश गर्नुपर्ने निवेदनको ढाँचा

फोटो

मितिः

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
रामग्राम नगरपालिका, नगरकार्यपालिकाको कार्यालय
परासी,नवलपरासी।

**विषय : अनुदान कार्यक्रममा सहभागी हुन पाउँ बारे ।**

महोदय,

निम्न लिखित विवरण बमोजिमको उद्योग वा व्यवसाय स्थापना/संचालन वा स्तरोन्नती गर्न नगर प्रमुख उद्यमशीलता प्रवर्द्धन कार्यक्रम कार्यविधि,२०७८ बमोजिम अनुदान कार्यक्रममा सहभागी हुनका लागि नगरपालिकाबाट मिति.................... गते प्रकाशित सूचना अनुसार हार्दिक अनुरोध गरेको छु/छौ । पेश गरिएको विवरण ठीक छ । झुठा ठहरेमा प्रचलित कानुन बमोजिम सहुंला बुझाउंला ।

१. दर्ता भएको/स्थापना गर्न चाहेको उद्योग वा व्यवसायको नाम :

२. ठेगाना :

(क) प्रदेश :

(ख) जिल्ला :

(ग) नगरपालिका :

घ) वडा नं. : ङ) शैक्षिक योग्यता :

च) हालको पेशा व्यवसाय :

छ) प्राप्त अनुभव, सीप :

ज) पेशागत तालिम लिएको, नलिएको :

झ) तालिम लिएको भए तालिम दिने संस्थाको नाम :

ट) तालिम अवधि ........................ देखि................... सम्म

ठ)कुनै कानूनले अयोग्य छ वा छैन ?

चिन्ह लगाउने -√

२. उद्योग/व्यवसायको स्तरः ( (क) लघु ( ) (ख) घरेलु ( ) (ग) साना ( ) मझौला ( )

चिन्ह लगाउने-√

३. उद्योग/व्यवसायको कानुनी रुप - फर्मः ( (क) निजी ( ) (ख) साझेदारी ( ) (ग) प्रा.लि. ( )

चिन्ह लगाउने- √

४. उद्योगव्यवसायको वर्गीकरणः

(क) उत्पादनमूलक उद्योग व्यवसाय ( )

(ख) व्यवसायिक कृषिमा तथा पशुपंक्षिमा आधारित उद्यम व्यवसाय ( )

(ग) वन (जडीवुटी, बनपैदावार) मा आधारित उद्यम व्यवसाय ( )

(घ) पर्यटन प्रवर्द्धनमा आधारित उद्यम व्यवसाय ( )

(ङ) निर्माणमा आधारित उद्यम व्यवसाय ( )

(च) सेवामूलक उद्यम व्यवसाय ( )

(छ) अन्य

उल्लेखित व्यहोरा ठिक साँचो हो भनी सही छाप गर्नेः

निवेदकको पूरा

नामथर :

ठेगाना :

दस्तखत :

सम्पर्क फोन :

इमेलः

नोट : वैदेशिक रोजगारबाट फर्की नगरपालिकामा नै उद्यम व्यवसाय गर्न चाहने व्यक्तिले अनुसूची-२ वमोजिमको निवेदन समेत दिनुपर्नेछ ।

अनुसूची- २
(परिच्छेद-७ को छ सँग सम्वन्धित)

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
रामग्राम नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
परासी ।

**विषय : वैदेशिक रोजगारीको विवरण पेश गरेको सम्बन्धमा ।**

महोदय,

तहाँ नगरपालिकावाट मिति ....................गते .....................मा प्रकाशित सूचना बमोजिम स्वरोजगार हुनका लागि वैदेशिक रोजगारसम्बन्धी ज्ञान/सीप/तालिम/अनुभवको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी निम्न विवरण सहित उद्यम तथा व्यवसाय संचलान गर्न प्रदान गरिने उद्यम व्यवसायको अनुदान पाउने प्रयोजनका लागि यो निवेदन पेश गरेको व्यहोरा हार्दिक अनुरोध गर्दछु ।

१. निवेदकको पूरा नाम थर (नेपालीमा)

२. निवेदकको पूरा नाम थर अग्रेजीमा (BLOCK LETTER)

३. जन्म मिति : २०................ साल .......... महिना .......... गते (बिक्रम संवतमा)

४. लिङ्ग : पुरुष/महिला/अन्य :

५) बाबुको पूरा नाम, थर :

६) आमाको पूरा नाम, थर :

७) बाजेको पूरा नाम, थर :

८) पति/पत्नीको पूरा नाम, थर :

९) निवेदकको स्थायी ठेगाना : (क) न.पा.................................. (ख) वडा नम्बर : ................. (ग) जिल्ला..................................... (घ) प्रदेश : ................................

१०) पत्राचार गर्ने ठेगाना : (क) न.पा.................................. (ख) वडा नम्बर : .................. .(ग) जिल्ला..................................... (घ) प्रदेश : ............................

(ङ मोवाइल नं:.................................

(च) इमेल : ....................................

११) वैदेशिक रोजगारबाट फर्केपछि हाल नेपालमा गर्दै आएको कामको विवरण:.................................................

..................................................................................................................................
.....

१२) वैदेशिक रोजगारी सम्वन्धी विवरण : क) रोजगारीको लागि गएको देश : ....................................... पटक : ........ ...................................... पटक : ........

ख) रोजगारदाता कम्पनीको नाम : ............................................

ग) श्रम स्वीकृति लिए/नलिएको: ............................................

घ) काम गरेको अवधि : ......... वर्ष
ङ) पद :- ...................................
च) प्राप्त अनुभव/सीप : ...........................................................................
छ) पेशागत तालिम लिए/नलिएको: ............
ज) तालिम लिएको भए तालिम दिने संस्थाको नाम : .....................................
झ) तालिमको अवधि .................... देखि ..................... सम्म
ञ) सीप परीक्षण गरेको भए स्तर (लेभल खुलाउने) : .......................................
ट) नेपाल फर्किएको मिति : ..........साल ..... महिना ....गते
ठ) कुनै कानूनले अयोग्य छ वा छैन ?..........................
उल्लिखित व्यहोरा ठिक साँचो हो भनी सही छाप गर्ने

निवेदक :

नाम : ..................................................
दस्तखत : .............................................
मिति : .................................................
मोवाइल नं. : ........................................

अनुसूची- ३

मुल्याकंनका ढाँचाः

अनुदान प्राप्त गर्नका लागि उद्यमी व्यवसायीको निवेदनहरु मुल्यांकन गर्दा देहायको ढाँचामा हुनेछ ।

| शीर्षक | अधिकतम अंक | मुल्यांकनबाट प्राप्त अंक |
|---|---|---|
| (क) प्रस्तावनाको प्रष्टता, उपयुक्त उद्धेश्य भएमा | १० अंक | |
| (ख) उद्यम व्यवसायको उपयुक्तता र सम्भाव्यता | १० अंक | |
| (ग) नगरपालिका भित्र उद्यम व्यवसाय गर्न न्यूनतम ५ (पाँच) वर्ष संचालन गर्न लिखित प्रतिवद्धता व्यक्त गरेको(कार्यतालिका सहितको भएमा) | १० अंक | |
| (घ) लगानीमा साझेदारी गर्ने प्रतिबद्धता | ५ अंक | |
| (ङ) कम्तीमा आधारभूत तहको शिक्षा हासिल गरेको वा परम्परागत र सम्बन्धित पेशामा दक्षता हासिल गरेको, | ५ अंक | |
| (च) नगरपालिकालाई बुझाउनु पर्ने कर, शुल्क, दस्तुर लगायतका वाँकी वक्यौता नरहेको, | ५ अंक | |
| (छ) वैदेशिक रोजगारीवाट फर्किएको (२ वर्ष भन्दा बढी नभएको) । (अनुसूची-२ वमोजिमको फारम भरी बुझाएको । | ५ अंक | |
| जम्मा | ५० अंक | |

प्रमाणीकरण मितिः २०७८/०७/१५

आज्ञाले

रुद्र प्रसाद रेग्मी

नि.प्रमुख प्रशासकीय अधिकृत